मिति २०७२ साल श्रावण २२ गते कीर्तिपुर नगरपालिकाको सभाहलमा नगर क्षेत्रका राजनितीक दलका प्रतिनिधि, विभिन्न विषयगत कार्यालयका प्रतिनिधि, नगर क्षेत्रमा क्रियाशिल गैह्र सरकारी संस्थाहरु र नगरपालिकाका कर्मचारीहरुको उपस्थितिमा नगरपालिकाको वार्षिक प्रगति समिक्षा सम्पन्न भयो। यस कार्यक्रममा नगरपालिकाका कार्यकारी अधिकृत श्री नुरहरि खतिवडाले समग्र आय-व्यय, न.पा द्वारा संचालित योजना तथा कार्यक्रमहरुको प्रगति, भुकम्पबाट पुगेको क्षति र उद्दार तथा राहतको लागि नगरपालिकाले गरेको प्रयास सम्बन्धमा प्रस्तुतिकरण गर्नुभयो। साथै उक्त कार्यक्रम पश्चात सहभागीहरुको सुझावहरुलाई समेटेर देहाय बमोजिम निचोड निस्क्यो।

१. विनाशकारी भुकम्पबाट पीडित परिवारहरुलाई दिर्घकालीन आवासको व्यवस्था न.पा बाट गर्नुपर्ने।

२. वडा सचिव लगायत अन्य कर्मचारीहरुलाई समयसापेक्ष तालिक दिनुपर्ने।

३. फोहोरमैला व्यवस्थापन क्षेत्रमा अझ प्रभावकारी रुपमा काम गर्नुपर्ने।

४. न.पा द्वारा संचालित योजनाहरु समयमै र गुणस्तरीय रुपमा संचालन गर्नुपर्ने।

५. हालै शुरु गरिएको न.पा कार्यालय भवन निर्माण कार्यमा सबै क्षेत्रबाट स्रोत जुटाएर समयमै निर्माण सम्पन्न गर्नुपर्ने।

६.नगरक्षेत्रका सम्पदाहरु संरक्षण गर्नुपर्ने।